Vol.24
नेपाली
भिविन्न देशका बिदेसीहरुको लागि समाचार
Ota City Navigation
2022.04



# ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (अर्को नाम Minto Ota) अप्रिल 11 तारिखमा खुल्दैछ!

ओता सहरको बहुसांस्कृतिक सहजीवन र अन्तर्राष्ट्रिय आदानप्रदानको नयाँ गतिविधि केन्द्रको रूपमा केइक्यु कामाता स्टेसन पश्चिम एक्जिटमा ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र Minto Ota (मिन्नातो ओता) खोलिएको छ! यस केन्द्रमा सामान्य सम्मिलित संस्था अन्तर्राष्ट्रिय सहर ओता संघ, बहुभाषी परामर्श काउन्टर, सहरको अन्तर्राष्ट्रिय सहर र बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा हुनेछ। यहाँ जुनसुकै देशमा जन्मेको भए तापनि ढुक्क भएर बसोबास गर्नको लागि सहयोग र एकअर्काको संस्कृति बुझ्नको लागि इभेन्ट आदि गरिनेछ।

यसको अर्को नाम "Minto Ota" मा "(संसारभरिको) सबैजना (सँगै)" भन्ने कामना र विश्वव्यापी रूपमा प्रयोग गरिने अंग्रेजी भाषाको Multicultural and International Network Together in Ota को सुरुको अक्षरहरूलाई जोडेर "ओता सहरमा सँगै, बहुसांस्कृतिक अन्तर्राष्ट्रिय नेटवर्क" भन्ने अर्थ समावेश गरिएको छ।

## ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र Minto Ota मा गर्न सकिने कुराहरू



[बहुभाषी परामर्श काउन्टर]

दैनिक जीवनमा समस्या भएको बेला परामर्श लिन सकिन्छ।

प्रयोग गर्न सकिने भाषाहरू

अंग्रेजी, चिनियाँ, तागालाग, नेपाली र भियतनामिज भाषा

यी बाहेक अन्य भाषाहरूमा पनि सेवा उपलब्ध छ। परामर्श लिनुहोस्।



[जानकारी तथा आदानप्रदान कर्नर]

विभिन्न राष्ट्रहरू र क्षेत्रको जानकारी उपलब्ध हुनेछ। स्वतन्त्र रूपमा प्रयोग गर्न सकिने टेबुल र मेचहरू हुनेछन् र प्रयोगकर्ताहरूले एकअर्कासँग कुराकानी आदि गर्न सक्नेछन्।



[मिटिङ रुम]

अन्तर्राष्ट्रिय आदानप्रदान समूह आदिले प्रयोग गर्न सक्ने ठूलो मिटिङ रुम छ। 3 वटामा विभाजन गरी प्रयोग गर्न पनि सकिन्छ। यहाँ विभिन्न प्रकारका जापानी भाषाका कोर्सहरू, विदेशी नागरिकका बच्चाहरूलाई अध्ययन सहयोग आदि गरिनेछ।

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र भएको ठाउँको जानकारीको लागि पृष्ठ 2 मा जानुहोस्।




## ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्रको ठेगाना

ओता सहर कामाता 4-16-8 2F
केइक्यु कामाता स्टेसन पश्चिम एक्जिटबाट हिँडेर लगभग 2 मिनेट

अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981
बहुभाषी परामर्श काउन्टर
☎ 03-6424-4924

## टिप्पणी

### अन्तर्राष्ट्रिय सहर ओता राजदूत  र्‍युउ-सान (जन्म: चीन)



**समस्या परेको बेला भर पर्न सक्ने ठाउँ**

बहुभाषी परामर्श काउन्टरमा गएमा दैनिक जीवनयापनमा काम लाग्ने जानकारी, ओता सहरमा गर्नुपर्ने प्रक्रियाहरू आदिको सही जानकारी नम्रतापूर्वक दिइनेछ। संकोच नमानीकन ढुक्क भई परामर्श लिएर हेर्नुहोस्। अन्तर्राष्ट्रिय सहर ओताको राजदूतको रूपमा Minto Ota बाट ओता सहरको आकर्षण सम्बन्धी जानकारी पनि प्रदान गरिने हुनाले नछुटाईकन हेर्नुहोस्।

### अन्तर्राष्ट्रिय आदानप्रदानको सदस्य  बेथनी-सान (जन्म: बेलायत)



**विदेशी नागरिक र ओता सहरलाई जोड्ने ठाउँ**

Minto Ota केइक्यु कामाता स्टेसन र पर्यटक जानकारी केन्द्र नजिकै छ र हानेदा विमानस्थलबाट पनि सजिलै जान सकिने हुनाले विदेशी नागरिकहरूको भर पर्न सक्ने ठाउँको रूपमा, म धेरै मान्छेहरूले यो ठाउँ प्रयोग गरेको हेर्न चाहन्छु। हाम्रो लक्ष्य विभिन्न संस्कृतिहरू अनुभव गर्न सकिने अवसरहरू पनि बनाई विदेशी नागरिकहरूलाई पनि बसोबास गर्न सजिलो हुने ओता सहर बनाउनु हो।

| सम्पर्क | अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा<br>☎ 03-5744-1227  FAX 03-5744-1323  E-mail  kokusai@city.ota.tokyo.jp |
|---|---|

# प्रसूति पछिको घरको काम र शिशु स्याहार सहयोग कार्यक्रम "पियोपियो सपोर्ट"




पियोपियो सपोर्ट भनेको घरमा बच्चा हुर्काउने अभिभावकहरूको भार कम गर्नको लागि सञ्चालित घरको काम र शिशु स्याहारमा सहयोग गर्ने कार्यक्रम हो। घरमा सहयोगी आई खाना पकाउन, सफा गर्न र शिशु स्याहारमा सहयोग गरिन्छ। कोरोनाकालमा बच्चा जन्माउने र बच्चा हुर्काउने वातावरणमा पनि ठूलो परिवर्तन आएको छ। के तपाईं सानो काम भए तापनि संकोच नमानीकन अनुरोध गर्न सकिने ओता सहरको सेवा प्रयोग गरेर हेर्न चाहनुहुन्छ? सहयोग उपयोगको उदाहरण: "खाना पकाउने र भाँडाकुँडा सफा गरी सही ठाउँमा फिर्ता राख्ने जस्ता कार्यहरू", "सँगै स्वास्थ्य परीक्षण र किनमेलमा जाने", "शिशु स्याहारको सहायता", "बालबालिकाको हेरचाह", "कोठाको सरसफाइ"

| | | | |
|---|---|---|---|
| को | शिशु स्याहार सेवा प्रयोग नगरेको 2 वर्षसम्म (3 वर्षको जन्म दिनको अघिल्लो दिनसम्म) को बालबालिका हुर्काइरहेका, ओता सहरमा बसोबास गरिरहेका परिवारहरू | कहिले | सोमबारदेखि शनिबारसम्मको 9:00 am देखि 9:00 pm सम्म |
| अधिकतम प्रयोग समय | दायरामा पर्ने एक जना शिशुको लागि वार्षिक 18 घण्टा (1 पटकमा 2 घण्टादेखि) | शुल्क | 1 घण्टाको 1,000 येन<br>कटौती र छुट प्रणाली छ। |

| सम्पर्क | बाल परिवार सहयोग केन्द्र परामर्श समायोजन (सहकारिता सुदृढीकरण)<br>☎ 03-6410-8551  FAX 03-3763-0199 |
|---|---|

# साइकल आदि त्यतिकै छोड्ने र त्यस्ता साइकलहरू हटाउने आदिबारे

साइकल सुविधाजनक र वातावरण मैत्री सवारी साधन हो। तर स्टेसन वरिपरिका स्थानहरू आदिमा त्यतिकै छोडिएका साइकलहरूले पैदल यात्री र आकस्मिक सवारी साधनको आवतजावतमा बाधा पुर्‍याउनुका साथै सहरको सुन्दरता बिगार्ने जस्ता सामाजिक समस्याको रूप लिएको छ। त्यतिकै छोडिएको साइकलहरूको स्थितिमा सुधार देखिइरहेको भए तापनि स्टेसन वरिपरिका स्थानहरू आदिमा अहिले पनि साइकल आदि त्यतिकै छोडिने गरिन्छ। त्यतिकै छोडिएको साइकल नभएको सुरक्षित सहर निर्माणको लागि सबैले यस समस्यालाई बुझी, सहयोग गर्नुहुन अनुरोध गर्दछौं। ओता सहरको नियम अनुसार हामीले सार्वजनिक स्थल (सडक वा पार्क, स्टेसन अगाडिको खुला ठाउँ जस्ता साइकल पार्किङ बाहेकका ठाउँहरू) मा साइकल नराख्नुहुन अनुरोध गर्दै आइरहेका छौं। साइकल पार्किङ गर्ने खण्डमा छोटो समयको लागि रोक्ने भए तापनि साइकल पार्किङ गर्ने ठाउँमा राखौं। ओता सहरले सहरको नियम अनुसार स्टेसन अगाडिको केही स्थानलाई साइकल छोड्न निषेध इलाकाको रूपमा तोकी, त्यस्ता इलाकाहरूमा राखिएका साइकलहरू नियमित रूपमा हटाउने गरिरहेको छ। सामान्यतया हटाइएका साइकलहरूलाई 30 दिनको अवधि भण्डारण केन्द्रमा राखिनेछ। भण्डारण म्याद बितिसकेको साइकललाई नष्ट गरिने हुनाले ध्यान दिनुहोस्।

## भण्डारण केन्द्र

ओता सहरको भण्डारण केन्द्रहरू 4 ठाउँमा छन्। विस्तृत जानकारीको लागि तल हेर्नुहोस्। भण्डारण केन्द्रको फिर्ता गरिने दिन र फिर्ता गरिने समयमा, फिर्ता लिन आवश्यक कुराहरू लिएर आउनुहोस्।

**भण्डारण केन्द्रको संक्षिप्त जानकारी**

फिर्ता गरिने दिन: सोमबारदेखि आइतबार (सार्वजनिक बिदा, बिदा सारिएको दिन र डिसेम्बर 29 तारिख~जनवरी 3 तारिख बाहेक)

फिर्ता गरिने समय: 11:00 am देखि 7:00 pm सम्म

फिर्ता लिन आवश्यक कुराहरू: ① परिचय खुल्ने कागजात (रेजिडेन्स कार्ड, सवारी साधन अनुमति पत्र आदि) ② साइकल आदिको साँचो ③ हटाउन लागेको शुल्क (साइकल 3,000 येन)

नियम र मर्यादाको पालना गरी सही तरिकामा प्रयोग गरौं।

साइकल आदि त्यतिकै छोड्न निषेध

सूचना बोर्ड




## कहाँ

• पहिलो भण्डारण केन्द्र (हेइवाजिमा रिक्योखा भण्डारण केन्द्र)
ओता सहर हेइवाजिमा 1-2
☎ 03-3765-5161
यहाँ ओमोरी क्षेत्र र च्योफु क्षेत्रबाट हटाइएको साइकल लगिन्छ।

• दोस्रो भण्डारण केन्द्र (तोओहासिखा भण्डारण केन्द्र)
ओता सहर हेइवाजिमा 5-1
☎ 03-3765-5162
यहाँ कामाता स्टेसनको पूर्वी एक्जिटबाट हटाइएको साइकल लगिन्छ।

• तेस्रो भण्डारण केन्द्र (तोओहासिखा भण्डारण केन्द्र)
ओता सहर हेइवानो मोरी पार्क नं. 2 अगाडि
☎ 03-3765-5163
यहाँ कामाता स्टेसनको पश्चिम एक्जिट, हासुनुमा स्टेसन आदिबाट हटाइएको साइकल लगिन्छ।

• चौथो भण्डारण केन्द्र (रोकुगो हासिमोतो भण्डारण केन्द्र)
ओता सहर नाकारोकुगो 4-30
☎ 03-3736-0372
यहाँ केइक्यु कामाता स्टेसन, जोउसिकी स्टेसन, कोजिया स्टेसन आदिबाट साइकल लगिन्छ।

त्यतिकै छोडिएको साइकल आदि भण्डारण केन्द्र

सम्पर्क
शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा
☎ 03-5744-1315 FAX 03-5744-1527

# खेलकुद स्वस्थ सहर घोषणा स्मारक परियोजना

## "पन्धौं OTA वाकिङ~तामा नदी किनारमा हिँडौं~"

के तपाईं ताजा हावा चलिरहेको गर्मीको प्रारम्भिक घाम ताप्दै तामा नदीको किनार भएर सोरामुनादो हानेदा र्‍योकुचीसम्म हिँड्न चाहनुहुन्छ? गन्तव्य स्थान सोरामुनादो हानेदा र्‍योकुचीको अवलोकन टेरसबाट उड्ने र अवतरण गर्ने हवाइजहाज हेर्न पनि सकिन्छ।

*गतिविधि परिवर्तन हुने अवस्थाहरू पनि हुन सक्छन्।

*नोभल कोरोना भाइरस संक्रमण फैलावटको नियन्त्रण तथा रोकथामका उपायहरू र प्रतिकूल मौसमको कारण रद्द गर्ने निर्णय सम्बन्धी जानकारी खेलकुद संघको होमपेजमा राखिनेछ। (उक्त दिन रद्द सम्बन्धी जानकारी बिहानको 7 बजे होमपेजमा राखिनेछ।)

**आयोजक** ओता सहर र (सार्वजनिक हितकारी संघ) ओता सहर खेलकुद संघ

**व्यवस्थापक** ओता सहर खेलकुद प्रवर्द्धन समिति परिषद्

**कहिले** 2022 साल मे 15 तारिख (आइतबार) 9:00 am देखि 12:00 pm
*हल्का वर्षा भए तापनि कार्यक्रम सञ्चालन गरिनेछ।

**शुल्क** निशुल्क

**कोर्स** निसी कामाता पार्क→तामा नदी किनार→सोरामुनादो हानेदा र्‍योकुची (लगभग 8km)

**कति जना** 180 जना (पहिले नाम लेखाउनेको क्रममा प्राथमिकता दिइनेछ)

**आवेदन दिने तरिका** अग्रिम रूपमा आवेदन दिनुपर्ने　आवेदन दिने ठाउँको HP अथवा फोन वा फ्याक्सद्वारा आवेदन दिनुहोस्।　फ्याक्सको खण्डमा निम्न विवरण लेख्नुहोस्। ① ठेगाना ② नाम ③ उमेर ④ फोन नम्बर

**आवेदन दिने ठाउँ (सम्पर्क)** सार्वजनिक हितकारी संघ ओता सहर खेलकुद संघ
☎ 03-5471-8787　FAX 03-5471-8789



# ManaViva (जापानी भाषा पढ्ने र लेख्ने क्लास) को लागि आवेदन खुला

यो <हिरागाना><काताकाना><सरल वाक्यहरू> जस्ता दैनिक जीवनमा आवश्यक जापानी भाषाको अक्षर पढ्ने र लेख्ने र <जापानी भाषा><अङ्कगणित> जस्ता आधारभूत अध्ययन गर्ने ठाउँ हो। आफ्नो साथीहरू र कर्मचारीहरूसँग "अध्ययन गर्न चाहेको कुरा र थाहा पाउन चाहेको कुरा" सिक्न सकिन्छ। जापानी नागरिकहरूका साथै विभिन्न राष्ट्रहरूका मान्छेहरूले अध्ययन गरिरहेका छन्।

**को** ① ओता सहरमा बसोबास, काम वा अध्ययन गर्ने व्यक्ति (16 वर्ष वा सोभन्दा बढी)
② जापानी भाषामा कुराकानी गर्न सक्ने व्यक्ति (जुनसुकै राष्ट्रको व्यक्ति)

**कहिले** 2022 साल मे 22 तारिख (आइतबार)~2023 साल फेब्रुअरी 12 तारिख (आइतबार) कुल 24 पटक
महिनाको पहिलो, दोस्रो र चौथो आइतबार 2:00 pm - 4:00 pm

**कहाँ** ओता सहर कार्यालय, उपभोक्ता केन्द्र आदि

**शुल्क** निशुल्क

**कति जना** अधिकतम सहभागी संख्या: 40 जना (पहिले नाम लेखाउनेको क्रममा प्राथमिकता दिइनेछ)

**आवेदन दिने तरिका** आवेदन दिने ठाउँमा जाने अथवा फोन गर्ने

शिशु स्याहार सेवा उपलब्ध छ: 1 वर्ष 6 महिना~प्राथमिक विद्यालयको 3 क्लासमा पढ्ने बच्चा (पहिले नाम लेखाउनेको क्रममा प्राथमिकता दिइनेछ)

**आवेदन दिने ठाउँ (सम्पर्क)** स्थानीय गतिविधि प्रवर्द्धन शाखा सहरबासी सहकार्य तथा आजीवन अध्ययनसँग सम्बन्धित कर्मचारी
ओता सहर कामाता 5-13-14　सहर कार्यालय 6F, 28 नम्बरको काउन्टर
☎ 03-5744-1443　FAX 03-5744-1518

प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14　☎ 03-5744-1227　FAX 03-5744-1323
हामीले यो जानकारीपत्र वर्षमा 8 पटक 6 भाषाहरू (सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, टगालोग र भियतनामिज) मा प्रकाशन गरिरहेका छौं।
यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता सहरका सुविधाहरू र JR खामाता, ओमोरी, केइक्यु खामाता जस्ता सहर भित्रका प्रमुख स्टेसनहरूमा वितरण गरिन्छ।